स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सोमबार अभिनेत्री साम्राज्ञी शाहको जन्मदिन पनि हो। यो अवसरमा उनले प्रशंसकसामु एक सरप्राइज घोषणा गरेकी छन्। उनले इन्स्टाग्राममार्फत आफूले इन्गेजमेन्ट गरेको घोषणा गरेकी छन्। उनले सार्वजनिक गरेका केही इन्गेजमेन्टका फोटोमा उनले हीराको औंठी लगाएको देख्न सकिन्छ। आइतबार उनले एक युवकसँग इन्गेजमेन्ट गरे पनि उनीबारे विस्तृत खुलाएकी छैनन्।

आजको विचार...



के...
(दुई पेजमा)

गणेश आचार्य



एक दक्षिण भारतीय फिल्मको गीतमा 'कभर डान्स भिडियो' बनाएकी नेपाली डान्सर आश्मा विश्वकर्माले यतिबेला चौतर्फी चर्चा बटुलेकी छिन्। सामाजिक सञ्जालमा उनको भिडियोलाई उत्साहजनक भ्यूज मिलेको छ। फेसबुक, इन्स्टाग्राम, टिकटक र युट्युबमा गरेर कूल ७ करोड ५५ लाख भ्यूज प्राप्त भएको छ। आश्माको करिअरमा पनि यो सर्वाधिक भ्यूज पाउने भिडियो हो। बलिउड र नेपाली सेलिब्रेटीले पनि उनको भिडियोलाई प्रशंसा गरिरहेको देखिन्छ ।

❒ वर्ष ३१ अंक ११२ ❒ २०८२ मंसिर ३ गते बुधबार 19 November 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# खेलमैदान निर्माणमा ढिलाइ

***बहुवर्षीय आयोजनाको रूपमा रहेको खेलमैदान निर्माण व्यवसायीले काम नगर्दा ढिलाइ भएको हो । मैदानको बीचमा ढुङ्गा, गिट्टी, पाइपलगायतका निर्माण सामग्री राख्दा मैदान थप कुरुप बनेको छ । निर्माण कम्पनीले कम गुणस्तरका सामग्री ल्याएपछि नगरपालिकाले त्यसलाई फिर्तासमेत गरेको थियो ।***

**रासस**

**तम्घास (गुल्मी),** मङ्सिर २/यहाँका दुई ठूला खेलमैदान निर्माणमा ढिलाइ भएको छ । इस्मा गाउँपालिका-६ अम्मरपुरमा निर्माणाधीन अन्तर्राष्ट्रिय फुटबल रङ्गशाला र सदरमुकाम तम्घासमा निर्माणाधीन चिदीचौर खेलमैदान निर्माणमा ढिलाइ भएको हो ।

प्रथम सहिद लखन थापाको नामबाट आर्थिक बर्ष २०७५/७६ देखि अम्मरपुरमा 'सहिद लखन थापा अन्तर्राष्ट्रिय खेलमैदान' निर्माण सुरु गरिएको थियो । सुरुमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)को तीन करोड लागतमा माटो काट्ने, पर्खाल लगाउने, दूबो रोप्नेलगायत काम गरिएको थियो । २०७६ सालपछि २५ लाख र ५० लाख गरी कुल ७५ लाखको काम गरिएको इञ्जिनियर माधव देवकोटाले बताए । हाल खेलमैदानमा दूबो रोप्ने, पर्खाल लगाउने काम भइरहेको छ । इञ्जिनियर देवकोटाकाअनुसार हाल बजेट अभावले काम सम्पन्न गर्ने समयबारे कुनै टुङ्गो छैन । राष्ट्रिय खेलकुद परिषद्सँग खेलमैदान गाउँपालिकाको स्वामित्वमा गराउने प्रयास गरे पनि असफल भएको इस्मा गाउँपालिका उपाध्यक्ष पार्वती कुँवरले बताइन् । "हाम्रो स्वामित्वमा काम गर्छौं भनेको राखेपले स्वीकृति दिएन", उपाध्यक्ष कुँवरले भनिन्, "काम हामीले गर्न पनि प्रक्रियागत झन्झटले भएन, राखेपले पनि गरेन ।" उनले एउटा खेलकुद कार्यक्रम आयोजना गर्दा पनि निर्माण व्यवसायी र राखेपले बाधा जनाएपछि अलमल भएको बताइन् । झण्डै एक अर्ब लागत अनुमान गरिएको उक्त खेलमैदान ५०५ मिटर लम्बाई र ६८ मिटर चौडाईसहित कभर्डहल र स्वीमिङ पुलसहित निर्माण गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको थियो । त्यसैगरी सदरमुकाम तम्घासको चिदिचौर खेलमैदान निर्माणमा पनि ढिलाइ भएको छ । बहुवर्षीय आयोजनाको रूपमा रहेको खेलमैदान निर्माण व्यवसायीले काम नगर्दा ढिलाइ भएको हो । मैदानको बीचमा ढुङ्गा, गिट्टी, पाइपलगायतका निर्माण सामग्री राख्दा मैदान थप कुरुप बनेको छ । सार्वजनिक खरिद ऐन-२०६३ अनुसार कुनै पनि आयोजना सुरु गर्नु पहिले त्यसबारे सूचना पार्टी राख्नुपर्ने व्यवस्था छ । करिब एक करोडको बहुवर्षीय आयोजनाको काम गर्दासमेत चिदिचौरमा कुनै सूचना पाटी राखिएको छैन । चिदिचौर खेल मैदानको पुनर्निर्माणका लागि एक करोड लागतमा रामेछाप कन्स्ट्रक्सनले २०८२ वैशाखमा जिम्मा पाएको थियो । काम सक्नुपर्ने म्याद २०८३ असारसम्म छ । हालसम्म ५० प्रतिशत काम सकिएको छ । निर्माण कम्पनीले कम गुणस्तरका सामग्री ल्याएपछि नगरपालिकाले त्यसलाई फिर्तासमेत गरेको थियो । अब पनि समयमै काम गरे एक महिनामै सकिन्छ । तर निर्माण कम्पनीले काममा ढिलाइ गर्दै आएको छ ।



## संक्षिप्त समाचार

### सैनिक कारबाहीका बीच १५ बालबालिकाको मृत्यु

(रासस/एएफपी)

**बोगोटा,** मंसिर २/कोलम्बियाको सेनाले अगस्ट महिनादेखि गुरिल्ला लडाकूहरूलाई लक्षित गरी सञ्चालन गरिएको सैन्य कारबाहीका क्रममा १५ जना अपहरणमा परेका बालबालिकाहरूको ज्यान गएको अधिकारीहरूले सोमबार पुष्टि गरेका छन् । यसै सशस्त्र समूहद्वारा जबर्जस्ती अपहरणमा पारिएका ती नाबालिगहरू सेनाको कारबाहीमा गोलीको शिकार भएको बताइएको छ । राष्ट्रपति गुस्ताभो पेट्रोले हालैका दुई सैन्य बम आक्रमणमा पाँच बालबालिकाको मृत्यु भएको प्रारम्भिक जानकारी सार्वजनिक गर्नुभएको थियो । कोलम्बियाको मानव अधिकार लोकपालको कार्यालयले सो सङ्ख्यामा सातसम्मको थप पुष्टि गरेको छ । ती बालबालिकाहरूको उमेर सार्वजनिक गरिएको छैन । यसैबीच, कोलम्बियाको नेसनल इन्स्टिच्युट अफ लिगल मेडिसिन एन्ड फरेन्सिक साइन्सेजले सोमबार नै अगस्ट २४ मा दक्षिण-मध्य ग्वाभियर विभागमा भएको एक सैन्य आक्रमणका क्रममा तीन नाबालिगको मृत्यु भएको विवरण सार्वजनिक गरेको छ । कोलम्बियामा रहेको संयुक्त राष्ट्रसँघीयपोर्टहरूअनुसार कोलम्बियामा औसतमा प्रत्येक दुई दिनमा एक नाबालिगलाई छापामार समूहहरूले अपहरण गरी लडाकूका रूपमा तालिम दिने गरेका छन् ।

## दुर्गा प्रसाईं पक्राउ हिरासतमा राख्न अनुमति



**पाल्पा,** मंसिर २/सोमबार राति मेडिकल व्यवसायी दुर्गा प्रसाईं प्रकाउ परेका छन् । उनलाई प्रहरीले भक्तपुरस्थित निवासबाट पक्राउ गरेको हो । आफूलाई राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ महाअभियानका संयोजकका रूपमा चिनाउने प्रसाईंले ७ मंसिरदेखि आन्दोलन चर्काउने सार्वजनिक घोषणा गरेका थिए ।

आन्दोलनको तयारीमा रहेका उनी पक्राउ परेका हुन् । प्रसाईंले देशै ठप्प पार्ने भन्दै उग्र अभिव्यक्ति दिइरहेकोमा सुरक्षा संयन्त्रले उनलाई 'नोटिस' मा राखेको थियो । पक्राउ परेका उनी ४ दिन हिरासतमा रहने भएका छन् । जिल्ला अदालत काठमाडौंले सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दिएको हो । अब हिरासतमा राखेर सोधपुछ र थप अनुसन्धान प्रक्रिया अघि बढ्ने छ । पछिल्लो समय उनले दूतावासहरूको नाम नै तोकेर बम प्रहार हुन सक्ने र दोष आफूलाई थुपारिदिन सक्ने भन्दै दिएको अभिव्यक्तिलाई सुरक्षा संयन्त्रले नोटिसमा लिएको थियो । आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा समेत उनलाई कारबाहीको दायरामा ल्याउनुपर्ने प्रसंग उठेको थियो । त्यसपछि बैठकले हिंसा भड्काउने, जनता आतंकित पार्ने गतिविधि गर्नेलाई निस्तेज गर्न कडाइका साथ कानुनी कारबाही अघि बढाउने निर्णय गरेको थियो ।

## आज विश्व शौचालय दिवस मनाइँदै

**पाल्पा,** मंसिर २/आज विश्व शौचालय दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष संयुक्त राष्ट्र संघले १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको रुपमा मनाउँदै आएको छ । विश्वका सबै नागरिकहरुलाई सुरक्षित शौचालयको पहुँचमा पुऱ्याउने तथा विश्वमा स्वास्थ्य र सरसफाईको स्तर कायम गरी मानव जीवन सुरक्षित बनाउने उद्देश्यले विश्व शौचालय दिवस मनाउन थालिएको हो ।




संयुक्त राष्ट्र संघले सन् २०१३ देखि औपचारिक रुपमा १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको मनाउन थालेको हो । राष्ट्र संघको महासभामा सिंगापुरले यो प्रस्ताव पेश गरेको थियो । त्यसयता राष्ट्र संघको यूएन वाटर भन्ने निकायले यस दिवस मनाउने कार्यको संयोजन गर्दै आएको छ । नेपालमा व्यवस्थित शौचालय नहुँदा सर्वसाधारणले अझै पनि समस्या भोग्नुपरेको छ । नेपालका धेरै जिल्ला खुला दिसामुक्त घोषण भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन । मानव जीवनशैली र सरसफाइका लागि शौचालय आधारभूत तत्व हो । निजीका साथसाथै सार्वजनिक शौचालय हुनु व्यवस्थित सहरको उदाहरण पनि हो । सामान्यतया शौचालयलाई फोहोर ठाउँ भन्ने गरिन्छ । तर, शौचालय हामीलाई सफा र सुरक्षित राख्ने सहयोगी हो भनेर स्पष्ट पार्न जरुरी छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## शौचालय दिवस औपचारिकतामै सिमित नहोस्

विश्व शौचालय दिवस आज नेपालसहित विश्वभर विभिन्न सचेतनामुलक कार्यक्रम गरी मनाइँदै छ । प्रत्येक वर्ष १९ नोभेम्बरमा सरसफाइका लागि शौचालयको महत्वबारे जागरुक गराउन विश्व शौचालय दिवस मनाउने गरिन्छ । खासगरी आजको दिनलाई सुरक्षित सरसफाइको व्यवस्था नभएको समुदाय र ठाउँलाई लक्षित गरी विभिन्न कार्यक्रम गरिँदै आइएको छ । मानव समुदायलाई मानवजन्य दिसापिसावबाट उत्पन्न हुनसक्ने जीवाणुले ल्याउने रोगब्याधीबाट बचाउन शौचालय निर्माण गर्ने र प्रयोग गर्ने बानी विकसित गराउन सन् २०१३ देखि यो दिवस मनाउन थालिएको हो । तर बढ्दो शहरीकरण र सार्वजनिक खुला स्थानको अभावले शहरी क्षेत्र वा बाक्लो मानवबस्ती भएका स्थानमा शौचालयको निर्माण र प्रयोग गर्ने चुनौति बढेर गएको छ । विश्वका साढे ३ अर्ब मानिस अझै पनि शौचालयको सुविधाबाट बञ्चित छन् । नेपालमा पनि अझै ४ दशमलव ५ प्रतिशत अर्थात् ३ लाख १ हजार ४ सय ९० मानिस शौचालयको पहुँच बाहिर रहेको पाइन्छ । हचुवाको भरमा खुला दिशामुक्त घोषणा गर्दा अहिले पनि आमनागरिकले समस्या झेल्नु परेको छ । नेपालका धेरै जिल्ला खुला दिसामुक्त घोषणा भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन ।

पाल्पालाई पनि २४ चैत्र २०७४ मा खुला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो । खुला दिसामुक्त घोषणा गरिएको ८ वर्ष पुग्दा पनि यहाँका शहर र राजमार्गमा भने पर्याप्त शौचालय छैनन् । पर्याप्त सार्वजनिक शौचालय नहुँदा यात्रुले चर्को समस्या झेल्नुपरेको छ । भएका शौचालयहरू पनि प्रयोगलायक छैनन् । सरकारले सार्वजनिक शौचालयको महत्व नदिएको होइन, गरिबी निवारण रणनीतिक योजनामा सरकारले सन् २०१७ सम्ममा सबै नेपालीको हकमा सुरक्षित खानेपानी तथा आधारभूत शौचालयको पहुँच पुऱ्याउने लक्ष्य राखेकोबाट यसको पुष्टि हुन्छ । तर, सरोकारवालाहरू सरकारले लक्ष्य अनुसार काम नगर्दा लाखौं नागरिक संविधानले ग्यारेन्टी गरेको स्वास्थ्य सम्बन्धी न्यूनतम सुविधा शौचालय प्रयोगबाट समेत बञ्चित हुनु परेको छ । शौचालय व्यवस्थापन हुन नसक्दा अनेक किसिमका रोगहरूको जन्म भएको छ । मानिस स्वस्थ रहन शौचालयको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्दछ । शौचालय सफा र व्यवस्थित गरे मात्र पनि मानिस केही हदसम्म निरोगी र स्वस्थ रहन सक्छ । यसर्थ विश्व शौचालय दिवसले शौचालय व्यवस्थापन गर्ने दिशामा आमनागरिकलाई सचेत र सजग बनाउन सके दिवस मनाउनुले सार्थकता राख्न सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।

### Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैँ साथ
दिन सक्दैन, तर स्वभाव समझदारी र सच्चा
सम्बन्धले सधै साथ दिन्छ ।

*(माया सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Maya.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के पुँजीवाद मानव सभ्यताको अन्तिम गन्तव्य हो ?



## गणेश आचार्य

*साम्यवादको बहस यही चेतनाको पुनर्जागरण हो । अमेरिकाले २०औँ शताब्दीदेखि नै साम्यवादविरोधी विचारलाई सभ्यताको रक्षकको रूपमा चित्रण गर्दै आएको छ । तर सोभियत संघको पतनपछि पनि पुँजीवादले देखाएको मार्ग लोकतान्त्रिक नभई साम्राज्यवादी रह्यो । इराक, अफगानिस्तान, लिबिया, सिरिया– यी सबै ठाउँमा 'स्वतन्त्रता' को नाममा युद्ध भए । नाफाका लागि युद्ध, तेलका लागि हत्या र सत्ताका लागि मानवीय विनाश भए ।*

आजको विश्वको स्वरूप हेरौँ- चारैतिर अशान्ति, असमानता, युद्ध र भय मात्रै छ । पुँजीवादले आफ्नै गर्भमा जन्माएको सङ्कट अब नियन्त्रणभन्दा बाहिर पुगेको छ । मानव सभ्यता जसरी प्रविधि र बजारको यन्त्रमा थिचिँदै गएको छ, त्यसले जीवनको मूल्य घटाउँदै छ तर वस्तुको मूल्य बढाउँदै लगेको छ । यसै विरोधाभासले संसारभर आज फेरि साम्यवादको आवश्यकता महसुस हुन थालेको छ । विश्वको राजनीतिक नक्सा फेरिँदैछ । अमेरिकाले आफ्नो प्रभुत्व जोगाउन नाटोको ढाल ओढेको छ । चीन आर्थिक विस्तारमा छ, रुस आफ्नो प्रभाव पुन: स्थापित गर्न खोज्दैछ । युरोप आर्थिक मन्दीको चपेटामा छ । अफ्रिकामा नयाँ औपनिवेशिक घेराबन्दी चलिरहेको छ । मध्यपूर्वमा युद्ध र सामूहिक विनाशका खतरा तीव्र छन् । यी सबै घटनाले के देखाउँछन् भने, विश्व राजनीतिको आधारभूत चरित्र अझै पनि वर्गीय र साम्राज्यवादी नै छ । मार्क्सले डेढ शताब्दी अघि चेतावनी दिएका थिए, 'पुँजीवाद आफैँ आफ्ना विरोधाभासबाट ध्वस्त हुन्छ ।' आजको यथार्थमा त्यो भविष्यवाणी अचुक लाग्छ । संसारको एक प्रतिशत जनसङ्ख्याले ४५ प्रतिशत सम्पत्ति नियन्त्रण गर्छ । संयुक्त राष्ट्रसंघको तथ्याङ्कअनुसार २०२५ सम्ममा विश्वका सबैभन्दा धनी ५० जनाको सम्पत्ति ३ अर्ब जनसंख्याको बराबर हुनेछ । यो कस्तो समानता हो ? यसले फेरि त्यही प्रश्नलाई पुन: ब्युँताइदिएको छ– के पुँजीवाद नै मानव सभ्यताको अन्तिम गन्तव्य हो ? फ्रान्सेली दार्शनिक जाँ-पोल सात्रले भनेका थिए, 'मानिस स्वतन्त्र हुन बाध्य छ ।' तर पुँजीवादी समाजमा मानिस स्वतन्त्र होइन, बाध्य मात्र छ– उपभोग गर्न, प्रतिस्पर्धा गर्न र नाफाको खेलमा भाग लिन । उपभोग र प्रतिस्पर्धाको यस संस्कृतिले मानिसको चेतनामा नयाँ किसिमको दासत्व जन्माएको छ । साम्यवादको बहस यही चेतनाको पुनर्जागरण हो । अमेरिकाले २०औँ शताब्दीदेखि नै साम्यवादविरोधी विचारलाई सभ्यताको रक्षकको रूपमा चित्रण गर्दै आएको छ । तर सोभियत संघको पतनपछि पनि पुँजीवादले देखाएको मार्ग लोकतान्त्रिक नभई साम्राज्यवादी रह्यो । इराक, अफगानिस्तान, लिबिया, सिरिया– यी सबै ठाउँमा 'स्वतन्त्रता' को नाममा युद्ध भए । नाफाका लागि युद्ध, तेलका लागि हत्या र सत्ताका लागि मानवीय विनाश भए । यही हो आधुनिक पुँजीवादको चरित्र । जर्मन दार्शनिक हेगेलले भनेका थिए, 'मानिसले इतिहासबाट केही सिक्दैन भन्ने इतिहासले नै मानिसलाई सिकाएको छ ।' तर साम्यवादले ठीक यही त्रुटि सुधार्ने प्रयास गर्छ । इतिहासको द्वन्द्वबाट सिक्ने र त्यसलाई रूपान्तरण गर्ने चेतनाको अंकुरण गराउने । आजको विश्व केवल आर्थिक संकटमा छैन, वैचारिक संकटमा पनि छ । पुँजीवादले विचारको ठाउँमा विज्ञापन राखिदिएको छ । दर्शनको ठाउँमा मनोरञ्जन, चेतनाको ठाउँमा यान्त्रिक प्रतिक्रिया । मानिस सोच्दैन, क्लिक गर्छ । निर्णय गर्दैन, चयन गराइन्छ । यही स्थितिलाई अमेरिकी विद्वान सुशाना जुबोफ 'सर्भिलान्स क्यापटिलिजम' भन्छिन् । अर्थात निगरानी पुँजीवाद, जहाँ मानिस स्वयं उत्पादन होइन, उत्पादनको डेटा बन्छ । साम्यवादले यसलाई चुनौती दिन्छ, किनकि साम्यवादको मूल विचार नै मानव चेतना, श्रम र सम्बन्धलाई वस्तुको रूपमा होइन मूल्यका रूपमा हेर्ने रहेको छ । स्लाभोग जिजेकले भनेका छन्, 'आजको साँचो यूटोपिया भनेकै पुँजीवाद अनन्तसम्म टिकिरहन्छ भन्ने भ्रम हो ।' वास्तवमा आज पुँजीवादको प्रत्येक संरचना बजार, राजनीति, संस्कृति सबै विघटनको रेखामा पुगेको छ । जलवायु सङ्कट यसको स्पष्ट उदाहरण हो । नाफाका लागि पृथ्वीको प्राकृतिक स्रोत दोहन भइरहेको छ । कार्बन उत्सर्जनको ७० प्रतिशत विश्वका केवल एक सय कम्पनीहरूले मात्र उत्सर्जन गर्छन् । तर दण्ड कसले पाउँछ ? गरिब, किसान, श्रमिक र ती मुलुकहरू, जसले प्रदूषण लेस मात्र पनि उत्पादन गर्दैनन् । पुँजीवादको यो अन्यायपूर्ण स्वरूपले अब पृथ्वीको अस्तित्वमै प्रश्न खडा भएको छ । साम्यवादको पर्यावरणीय चेतनाले यसको सटिक वैकल्पिक उत्तर दिन्छ– उत्पादन र उपभोगको नियन्त्रण समाजद्वारा नाफाका लागि होइन, आवश्यकता र सन्तुलनका आधारमा हुनुपर्छ । साम्यवाद कुनै काल्पनिक युटोपिया होइन । यो श्रम, समानता र सामाजिक न्यायमा आधारित ऐतिहासिक आवश्यकताको सिद्धान्त हो । मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्रमा भनेका थिए, 'वर्गसंघर्ष केवल आर्थिक होइन, चेतनाको संघर्ष हो ।' उत्पादन र स्वामित्वबिचको विरोध हो, जब स्वामित्व थोरै हातहरूमा खुम्चिन्छ, त्यतिबेला उत्पादनको श्रम व्यापक शोषणमा परिणत हुन्छ । यही शोषण समाप्त गर्न साम्यवादको ऐतिहासिक जन्म भएको हो । सोभियत संघको क्रान्तिले मानव इतिहासमा पहिलो पटक श्रमिक वर्गलाई सत्तामा पुऱ्यायो । त्यो प्रयोग त्रुटिरहित थिएन, इतिहासको अद्वितीय उपलब्धि थियो । ज्ञान, विज्ञान, शिक्षा, औद्योगिक विकास, महिला अधिकार र राष्ट्रिय आत्मनिर्भरता– यी सबैमा सोभियत प्रणालीले पुँजीवाद भन्दा ठूलो योगदान दियो । त्यसपछि चिनियाँ क्रान्तिले मार्क्सवादलाई आफ्नो भूमि र समय अनुसार रूपान्तरण गऱ्यो । माओले भने, 'वास्तविकता जनतामा बस्छ, सिद्धान्त जनताबाट नै निस्कनुपर्छ ।' यही विचार आजको २१औँ शताब्दीको समाजवादी राज्यहरूको आधार बनेको छ । भियतनाम, क्युबा र लाटिन अमेरिकाका नयाँ वाम आन्दोलनहरूले साम्यवादको व्यावहारिक रूप फेरि प्रमाणित गरिरहेका छन् । बोलिभियामा इभो मोरालेस, भेनेजुएलामा ह्युगो चाभेज, चिलीमा गाब्रिएल बोरिक– यी सबै आन्दोलनहरू पुँजीवादी शक्तिको विरोधमा जनताको आत्मनिर्णयको अधिकारका प्रतीक थिए । साम्यवादको विचार अब केवल पूर्वी ब्लकमा सीमित छैन, यो विश्वव्यापी न्यायको आन्दोलन बनिसकेको छ । दार्शनिक हर्बर्ट मार्कुसेले भनेका छन्, 'मुक्ति प्राप्त गर्नका लागि पुँजीवादी प्रणालीको सम्पूर्ण संरचना नै अस्वीकार गर्नुपर्छ ।' वर्तमान युगमा त्यो अस्वीकार चेतनाबाट सुरु हुन्छ, जसमा मानिस आफूलाई बजारको वस्तु होइन ऐतिहासिक प्राणीका रूपमा बुझ्छ । यही चेतनाको पुनर्जागरण साम्यवादको आत्मा हो । अवश्य पनि साम्यवादका आलोचनाहरू छन् । नौकरशाही, शक्तिको दुरुपयोग र वैचारिक दृढता भन्दा पनि कठोरपना जस्ता त्रुटि नभएका होइनन् तर ती व्यवस्थाका खराबी भन्दा पनि अभ्यासका त्रुटीहरु हुन् । मार्क्सले भनेका थिए, 'साम्यवाद स्थिर विचार होइन, यो निरन्तर गतिशील दर्शन हो, जसले परिस्थितिअनुसार पुनर्व्याख्या खोज्छ ।' २१औँ शताब्दीको साम्यवाद तर्क, विज्ञान र लोकतान्त्रिक सहभागितामा आधारित हुनुपर्छ, जसले राज्यलाई साधन बनाउँछ, जनतालाई लक्ष्य । अब प्रश्न उठ्छ, यो बहस अहिले नै किन ?

साम्यवाद नै किन ? यसको उत्तर इतिहासले दिन्छ । जब पुँजीवाद संकटमा पर्छ, साम्यवाद पुनर्जीवित हुन्छ । सन् १८७० को वित्तीय संकटपछि मार्क्सवाद जन्मियो । सन् १९३० को महामन्दीपछि समाजवादी आन्दोलनले विश्वव्यापी गति लियो । र, अहिले २१औँ शताब्दीको विश्वव्यापी आर्थिक असमानताले साम्यवादको बहसलाई फेरि केन्द्रमा ल्याइ दिएको छ । नेपालको सन्दर्भमा पनि यो बहस अत्यावश्यक छ । यहाँका कम्युनिस्ट आन्दोलनहरूले जनतालाई राजनीतिक चेतना र वर्गीय दृष्टिकोण सिकाए । तर सत्ता प्राप्त भएपछि वैचारिक विचलन र अवसरवादले आन्दोलनलाई कमजोर पाऱ्यो । साम्यवादको नाममा दलालपुँजीवाद प्रवेश गऱ्यो, जनताको पार्टी, सत्ताको पार्टी बन्यो । यही कारण, अहिलेको नेपालमा साम्यवादको चर्चा पुन: दार्शनिक र वैचारिक तहमा गर्नुपर्ने समय आएको छ । साम्यवाद सत्ता कब्जाको नारा होइन, समाज रूपान्तरणको दर्शन हो । आजका युवा पुस्ता उपभोगतावादी बजार संस्कृतिको प्रभावमा छन् । उनीहरूलाई साम्यवाद पुरानो कथा जस्तो लाग्न सक्छ, तर जब उनीहरू बेरोजगारी, शोषण र असमानतासँग ठोक्किन्छन्, तब साम्यवादको अर्थ बुझ्न थाल्छन् । साम्यवाद तिनै युवाको भविष्यको खोज हो, जसले असमानता र अन्यायविरुद्ध विचारको हतियार उठाउँछ । एङ्गेल्सले भनेका थिए, 'फ्रिडम इज द रिकग्निशन अफ नेसेसिटी' । आज त्यो आवश्यकता पुन: स्पष्ट छ । मानव स्वतन्त्रता, सामाजिक न्याय, र उत्पादनमाथिको सामूहिक नियन्त्रण । यो केवल राजनीतिक विकल्प होइन, अस्तित्वको विकल्प हो ।

पुँजीवादले जलवायु, युद्ध र असमानताको बाटोमा मानवता नष्ट गर्न सक्छ भने साम्यवादले मानवता जोगाउने बाटो देखाउँछ । साम्यवादको चर्चा अब केवल विचारधाराको पुनरावलोकन होइन, मानव सभ्यताको पुनर्निर्माणको सवाल हो । यो बहस विश्वविद्यालयका कक्षामा मात्र होइन, किसानको खेतमा, मजदुरको कारखानामा र युवाको चेतनामा पुनर्जीवित हुनुपर्छ । जिजेकका शब्दमा भन्ने हो भने- हामीले फेरि सोच्न थाल्नुपर्छ, इतिहासको अन्त्यका बारेमा होइन, बरु नयाँ इतिहासका बारेमा । अब इतिहासको नयाँ प्रारम्भ साम्यवादबाटै सम्भव छ, जहाँ उत्पादन समाजको स्वामित्वमा, राज्य जनता स्वयंको नियन्त्रणमा र चेतना मुक्तिको दिशामा अग्रसर हुनेछ । त्यसैले, साम्यवादको चर्चा र बहस अगाडि बढाउने बेला यही हो । पुँजीवाद आफ्नै विरोधाभासमा डुब्दैछ र मानव चेतनाले पुन: न्याय, समानता र सहअस्तित्वको खोज गरिरहेको छ । यो बहस जीवनका प्रत्येक तहमा पुग्नुपर्छ, किनकि यही बहसले मानव मुक्ति र भविष्यको दिशा तय गर्नेछ । साम्यवाद आजको संकटको उत्तर मात्रै होइन, भोलिको सभ्यताको सम्भावना हो । यही विचार, चेतना, र सैर्षमा भविष्यको किरण लुकेको छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : व्यापार व्यवसायमा लाभ रहनेछ। मनोरञ्जनात्मक समय व्यतीत हुनेछ।
**वृष** : व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। अरुलाई उधारो पैसा दिनबाट बच्नुहोला।
**मिथुन** : अध्ययन अध्यापनमा मन लाग्नेछ। बौद्धिक क्षेत्र फराकिलो हुनेछ।
**कर्कट** : अरुको चासो लिँदा आफै समस्यामा परिएला। व्यवहार गर्दा सजग रहनुहोला।
**सिंह**: साहसिक कार्य गर्ने समय रहेको छ। मन पर्ने वस्तु उपहार रूपमा प्राप्त होला।
**कन्या** :पठनपाठनमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा बोलि बिक्नेछ।
**तुला** : केही पाउनको लागि केही कुरा त्याग गर्नुपर्ला। पायक स्थानमा भ्रमणका योग छन्।
**बृश्चिक** : शैक्षिक क्षेत्रमा बाधा आउनेछ। खर्च गरे पनि सोचेको प्रतिफल प्राप्त नहोला।
**धनु** : मनमा उत्साह जाग्नेछ। आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्।
**मकर**: नोकरी वा पेशामा प्रभाव बढ्नेछ। अधिकारीहरूको समर्थन प्राप्त हुनेछ।
**कुम्भ** : व्यापारमा फाइदा हुनेछ। उच्च शिक्षामा नयाँ अवसर मिल्नेछ।
**मिन** : मेहनतले नाम, दाम दिलाउनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला।

कला मनोरञ्जन

# इन्फा अवार्ड–२०२५ : चाम्सलाई जुरी अवार्ड




इन्टरनेसनल नेपाली फिल्म अवार्ड (इन्फा) २०२५ लण्डनमा सम्पन्न भएको छ । ग्रीनफोर्ड हलमा आयोजित कार्यक्रममा करिब तीन दर्जनभन्दा बढी कलाकार तथा प्राविधिकलाई विभिन्न विधामा सम्मान गरिएको थियो । लन्डनस्थित ग्रीनफोर्ड हलमा शनिबार इन्टरनेसनल नेपाली फिल्म अवार्ड (इन्फा) २०२५ को दोस्रो संस्करण सम्पन्न भएको छ । समारोहमा चलचित्र 'छक्का पञ्जा ५' ले उत्कृष्ट चलचित्र, उत्कृष्ट निर्देशक (दीपाश्री निरौला), पब्लिक च्वाइस अवार्ड अभिनेता (दीपकराज गिरी), स्क्रिनप्ले र कोरियोग्राफी विद्यामा अवार्ड जितेको छ । त्यस्तै, जुरी अवार्ड निर्देशक विधामा चलचित्र 'अञ्जिला' बाट निर्देशक मिलन चाम्स सम्मानित भए । गतवर्ष रिलिज भएका ५५ फिल्ममध्येबाट २७ विधामा अवार्ड दिइँदा लिड रोल मेल अवार्ड 'पूर्णबहादुरको सारंगी' बाट विजय बराल एवं लिड रोल फिमेल अवार्ड चलचित्र 'खुस्मा' बाट उपासनासिंह ठकुरीले जित्नुभयो । उत्कृष्ट सम्पादन अवार्ड 'आउट ल' बाट साहिल खानले पाउनुभयो भने उत्कृष्ट सिनेमाटोग्राफी 'पिताम्बर' बाट पुरुषोत्तम प्रधानले जित्नुभयो । एक्टर इन नेगेटिभ रोलको अवार्ड 'पिताम्बर' बाट प्रमोद अग्रहरीले पाउनुभयो । सर्पोटिङ रोल मेलतर्फ जितु नेपाल (कार्साङ) बाट प्राप्त गर्नुभयो भने सर्पोटिङ रोल फिमेलतर्फ सिर्जना सुब्बा (अन्जिला) र ऋचा घिमिरे (तेल भिसा) ले प्राप्त गरे । डेब्यू एक्टर मेल अवार्ड 'बर एण्ड बधु' बाट विवेक कर्मचार्य र डेब्यु एक्टर फिमेल सिर्जना निङ्लेखु (कार्साङ) ले प्राप्त गर्नुभयो । बेस्ट एक्सन अवार्ड 'आउट ल' बाट छुल्ठे काजी र श्री श्रेष्ठ, वेष्ट म्युजिक कम्पोजर थानेश्वर गौतम (अञ्जिला), उत्कृष्ट गायनतर्फ पुरुष आशिष बराल (पूर्णबहादुरको सारंगी) र महिला शान्तिश्री परियार (खुश्मा-रूकुम मैकोट)बाट पाउनुभयो । स्पेसल मेन्सन मुभी अवार्ड 'सतीदेवी' र स्पेसल मेन्सन निर्देशकको अवार्ड कृषा चौलागाईंले प्राप्त गर्नुभयो । ब्लकवष्टर अफ द इयर अवार्ड 'पूर्णबहादुरको सारंगी'ले पायो भने इन्करेजमेन्ट अवार्ड दिव्या रायमाझी र सुमन भण्डारी एवं पपुलर अवार्ड प्रदीप खड्का (पीताम्बर) र स्वस्तिमा खड्का (बेहुली फ्रम मेघौली)ले प्राप्त गर्नुभयो । विशेष योगदान सम्मान अभिनेत्री केकी अधिकारी र 'लाइफटाइम अचिभमेन्ट अवार्ड' अभिनेत्री शर्मिला मल्ललाई प्रदान गरिएको थियो । पब्लिक च्वाइस अवार्ड अभिनेत्रीतर्फ 'ह्रस्वदीर्घ'बाट नीता ढुंगानाले पाउनुभयो । जुरी अवार्ड मेल महेश त्रिपाठी (लाज शरणम) र जुरी फिमेल दीया मास्के (कार्साङ)लाई प्रदान गरिएको थियो । कमेडी एक्टर अफ द इयर अवार्ड केदारप्रसाद घिमिरे 'माग्ने बुढा'ले पाउनुभयो भने डायस्पोरा मुभी अवार्ड 'तेल भिसा'ले प्राप्त गऱ्यो । गौरी मल्ल (संयोजक), रमेश बुढाथोकी र करुण थापा आबद्ध जुरीले विभिन्न विद्यामा फिल्म छनोट गर्नुभएको हो । कार्यक्रममा जितु नेपाल 'मुन्द्रे', केदार घिमिरे 'माग्ने बुढा' र सीतादेवी तिमिल्सेनाले कमेडी प्रस्तुति दिनुभएको थियो भने दीपकराज गिरी र दीपाश्री निरौलाको नृत्यले दर्शकलाई मनोरञ्जन प्रदान गरेको थियो । कविता नेपाली, तेरिया मगर, समर्पण लामा, एलिशा शर्मा, दीया मास्के र उषा उप्रेतीले गरेको नृत्य प्रस्तुति आकर्षक देखिन्थ्यो । रिहान गिरीले गायन प्रस्तुति दिनुभयो भने मलिना जोशी र जितु नेपालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । वरिष्ठ अभिनेता रमेश बुढाथोकीले नेपाली चलचित्रको प्रारम्भकालदेखि डिजिटल युग प्रवेश उल्लेख गर्दै हाल अन्तर्राष्ट्रिय बजारमा यसको पहुँचबारे धारणा राख्नुभयो । समारोहमा गौरी मल्ल, केकी अधिकारी, नीता ढुंगाना, दीपकराज गिरी, दीपाश्री निरौला, प्रदीप खड्का, उपासनासिंह ठकुरी, दिव्या रायमाझी, ऋचा घिमिरे, शंकर घिमिरे, फुटबलर तथा अभिनेत्री एञ्जिला तुम्हाम्फो सुब्बा, मिलन चाम्सलगायत व्यक्तित्वको उपस्थिति थियो । नेपाली कलाकारको योगदान र प्रतिभालाई अन्तर्राष्ट्रियस्तरमा सम्मानित गर्दै चलचित्र विकास, प्रवर्द्धन र बजार विस्तारमा योगदान पुऱ्याउनु अवार्डको उद्देश्य रहेको अवार्डका प्रमुख संयोजक उमेशराज मोक्तानले बताउनुभयो ।

*-इहिमालय टाइम्स डटकम*

# 'मुगलान' को गीत 'पुन्टु पियारी' सार्वजनिक




रिहान प्रोडक्सनको ब्यानरमा बनेको चलचित्र 'मुगलान' को गीत सार्वजनिक भएको छ । निर्माण टिमले सोमबार फिल्ममा समावेश गीत 'पिन्टु पियारी' रिलिज गरेको हो । 'डान्सिङ' गीतमा फिल्मका मुख्य कलाकार प्रभात पाल र स्मारिका ढकालले प्रस्तुति रहेको छ । उनीहरूको प्रस्तुतिलाई दर्शकले पनि रुचाएका छन् । युना डिजिटल युटुब च्यानलमार्फत रिलिज भएको यो गीतको भिडियोलाई दर्शकले माया पाइरहेको छ । गीतमा गायक हरि गिरी (बिमर्शी) र शान्तीश्री परियारले गाएका छन् । गीतलाई सङ्गीत र शब्द रचना पनि हरिले नै गरेका छन्। त्यसै गरी गीतको एरेन्ज, मिक्सिङ एचबिएन किस्मतले गरेका छन् भने यो गीतको रेकर्डिङ राज खड्काले गरेका छन् । फिल्ममा अभिनेता प्रभात पाल र अभिनेत्री स्मारिका ढकालका अलवा श्री शिवांशु, दिनेश डीसी, मोती सुबेदी, रामचन्द्र अधिकारी, ख.ब.पु., राजु राज सोनी, रश्मी भट्ट, जीवन गौतम र सबिन बास्तोला लगायतका कलाकारको अभिनय रहेको छ । आशिष ढकालको लेखन तथा निर्देशनमा निर्माण भएको यो फिल्मका निर्माता गोमन सिंह रहेका छन् । यो फिल्मको को-प्रोड्युसरमा रिता चौधरीले लगानी गरेकी छन् । तारा थापा 'किम्भे'को सम्पादन, जय विष्ट र राम गुरुको द्वन्द्ध निर्देशन रहेको यो फिल्ममा बिजिएम रिदम कँडेलको छ। फिल्ममा कोरियोग्राफर देवेन्द्र कुँवरको छ भने डिओपी अजय रेग्मीको छ । फिल्ममा सङ्गीत किरण भुषालले दिएका छन् भने गायनमा शान्तीश्री परियार,प्रताप दास, बेनिशा पौडेल, हरि गिरी (विमर्शी) लगायतको समावेश छन् । गीत रचनामा आशिष ढकाल, सिर्जना लम्साल, हरि गिरी (विमर्शी) रहेका छन्। फिल्मको वितरण आर आर फिल्मस्ले गर्दै छ ।

*-रातोपाटी डटकम*


## त्रिभुवन विश्वविद्यालय
## त्रिभुवन बहुमुखी क्याम्पस
### तानसेन, पाल्पा

## सटर भाडामा दिनेसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८२/०८/०३**

**दरभाउ पत्र न त्रि.वि.वि.त्रि.ब.क्या. ००१/२०८२/०८३**

त्रिभुवन बहुमुखी क्याम्पस, ता.न.पा. २, लहरेपिपलस्थित तानसेन तम्घास मूल सडकमा रहेका सटरहररू शिलबन्दी दरभाउ पत्रको माध्यमबाट आगामी ६ वर्षका लागि भाडामा लगाउनुपर्ने भएकाले इच्छुक व्यक्ति/फर्म/कम्पनीबाट तपसिल बमोजिमका सर्तहरूको अधिनमा रही १५ दिनको म्याद राखी यो दरभाउपत्र आह्वानको सूचना गरिएको छ ।गोप्य रूपमा इच्छुक व्यक्ति, संघ-संस्था, फर्मले निर्धारित समयभित्र क्याम्पसको प्रशासन शाखामा दरभाउपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**१.दरभाउपत्र लिन इच्छुक व्यक्ति/संस्था/फर्म क्रमश :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखानम्बर (प्यान)/मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रितिलिपि, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाण प्रतिलिपि, रु.१०००।० तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२.शिलबन्दी दरभाउपत्रमा निर्धारित न्यूनतम अङ्क नघट्ने गरी कबोल गरेको रकमको अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

३.सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोल अङ्क स्वीकार गरिने छ ।

४.शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको १५ औं दिनको कार्यालय समयभित्र त्रिभुवन बहुमुखी क्याम्पस कार्यालयबाट खरिद गरिसक्नु पर्नेछ ।

५.शिलबन्दी दरभाउपत्रकोसाथ आफूले कबोल गरेको अङ्कको वार्षिक रूपमा हुन आउने कुल रकमको ५ प्रतिशत धरौटी रकम यस त्रिभुवन बहुमुखी क्याम्पसको नेपाल बैंक लिमिटेड पाल्पामा रहेको चल्ती खाता नं. ०१७००१०७६१८७४८००००01 मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.भाडा सम्बन्धमा सम्झौताको मितिले २ वर्षसम्म सुरुमा कबोल गरेको रकम बराबर हुनेछ । तेस्रो वर्षको भाडा रकममा १० प्रतिशत थप, पाचौँ वर्षको भाडा रकममा १० प्रतिशत थप गरी भाडा बृद्धि गरिने छ । सटर भाडा सम्झौता र सोको नवीकरण अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै आगामी अवधिको लागि सटर भाडाको नयाँ ठेक्का बन्दोबस्त गर्ने प्रयोजनार्थ शिलबन्दी दरभाउपत्र आह्वान गरिने छ ।

७.मासिक खपत हुने विद्युत पानी महसुल सामान्य मर्मतको खर्च भाडावालाले नै व्यहोर्नु पर्ने छ ।

८.दरभाउपत्र स्वीकृत भएपछि सम्झौतामा सहीछाप गर्नुपूर्व १ (एक) महिना बराबरको भाडा रकम अग्रिम भुक्तानी तोकिएको खातामा अनिवार्य रूपमा दाखिला गरी भौचर पेश गर्नुपर्नेछ र यो रकम फिर्ता गरिने छैन ।

९.जनस्वास्थ्यको दृष्टिकोणले र शैक्षिक संस्थालाई प्रतिकूल असर पार्ने खालका तथा नेपाल सरकारबाट निषेध गरिएका सामानहरू विक्रीवितरण तथा गैरकानुनी कार्यहरू गर्न पाइने छैन।

१०.दरभाउपत्र जसको नाममा स्वीकृत भएको छ उसैले नै व्यवसाय सञ्चालन गर्नुपर्नेछ । कारणवश आफूले सञ्चालन गर्न नसकी अन्यलाई दिनुपरेमा त्रिभुवन बहुमुखी क्याम्पसको पूर्व स्वीकृति अनिवार्य छ । त्रिभुवन बहुमुखी क्याम्पसको स्वीकृतिविना अन्यलाई दिएको पाइएमा सम्झौता स्वत: रद हुनेछ।

११.दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजेसम्म रहनेछ । यदि बिदा परेको खण्डमा त्यसको भोलि पल्ट सोहि समयमा बुझाउन सकिने छ ।

१२. दरभाउपत्र खोलिने दिन दरभाउपत्र दाखिला हुने अन्तिम दिनको २:०० बजे ।

१३. शिलबन्दी दरभाउपत्र रहेको खामबाहिर आफ्नो नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

१४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस क्याम्पसमा निहित रहने ।

१५. म्याद नाघी वा रीत नपुगी वा कुनै सर्त उल्लेख गरिएको दरभाउपत्रउपर कुनै कारवाही हुने छैन ।


१६. यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि.नं. | सटर नं. | दरभाउपत्र नं. | न्यूनतम मासिक भाडा दर (कर बाहेक) | अवधि |
|---|---|---|---|---|
| १ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १ | २०८२/०८३/००१ | १४,०००।० | ६वर्ष |
| २ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. २ | २०८२/०८३/००१ | १४,०००।० | ६वर्ष |
| ३ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ३ | २०८२/०८३/००१ | १३,०००।० | ६वर्ष |
| ४ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ४ | २०८२/०८३/००१ | १३,०००।० | ६वर्ष |
| ५ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ५ | २०८२/०८३/००१ | १२,०००। | ६वर्ष |
| ६ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ६ | २०८२/०८३/००१ | १२,०००। | ६वर्ष |
| ७ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ७ | २०८२/०८३/००१ | ११,०००। | ६वर्ष |
| ८ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ८ | २०८२/०८३/००१ | ११,०००। | ६वर्ष |
| ९ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ९ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| १० | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १० | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| ११ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ११ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| १२ | बडिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १२ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |

**क्याम्पस प्रमुख**

# बाला चतुर्दशीमा शतबीज छरिँदैं





**पाल्पा,** मंसिर २/आज बाला चतुर्दशी पर्व । दिवंगत परिवारका सदस्यहरूको सद्‌गतिको कामना गर्दै आज बिहान सदबीज छरिँदै छ । यस दिन देशभरका शिवालयमा दिवंगत पितृको सम्झनामा शतबीज छर्ने गरिन्छ । शतबीजमा धान, गहुँ, जौ, हलेदो, सक्खर खण्डलगायत चीजबिज छर्ने परम्परा छ ।

पितृको नाममा रातभर बत्ती बालेर जाग्राम बस्नुका साथै बिहान स्नान गरेर शतबीज छरेपछि पितृको उद्धार हुने र आफूलाई पनि फल प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास रही आएको छ । हिन्दु संस्कृति अनुसार कुनैपनि दूर्घटना या अकाल मृत्यु भएका मानिसहरु पूर्णरुपमा स्वर्ग या नर्कमा तर्न सक्दैनन् । जीवन जिउने क्रममा उनीहरुले पूरा गर्न नसकेका विभिन्न कर्म पूरा नभएसम्म मृतात्मा बैतर्नी तर्दैनन् भन्ने मान्यता छ । यसरी अकालमा मृत्यु भएका र राम्रोसँग मृत्युकर्म गर्न नसकिएका पितृहरुको लागि सम्पन्न गर्नुपर्ने नियम पुरा गर्न नसकेमा मंसिर कृष्ण त्रयोदशीका दिन जाग्राम बसेर मृतात्माको नाममा दीप प्रज्वलन गर्नाले पितृदोषबाट मुक्ति मिल्ने विश्वास छ । यसरी शतबीज छर्नको लागि पिता/माता, पितामह(हजुरबुबा) या मातामह(हजुरआमा), सातपुस्ता भित्रका १३ दिने जोकोहीको पनि जुठो बार्ने या बराखी लाग्नेहरुको नाममा छर्ने गरिन्छ । तर, पछिल्लो समय पिता माताको नाममा मात्रै शतबीज छर्ने गरिन्छ । शतबीज छर्ने क्रममा विभिन्न किसिमका ७ अन्नहरुको प्रयोग गरिन्छ । यसलाई सप्ताधानयुक्त शतबीज पनि भनिन्छ । यसमा धान, गहुँ, मास, मुंगी, कागुन र सामाको बिउ आदि पर्छ । यी अन्नहरु ठाउँ अनुसार फरक पनि हुने गर्छ । जस्तो कुनै - कुनै ठाउँमा चना, तील, मकैका साथै कागती, निबुवा, बिमिरो, सुन्तला, स्याउ, उखु, अम्बा, केराको समेत प्रयोग गर्ने गरिन्छ । यो पर्व शक्तिपीठ पुग्न नसकेकाहरुले घरमै बसेर पनि मनाउने गर्छन् । यसरी विधिपूर्वक पूजा गरी रातभरी जागा बसेर पूजा गरेको सो दीपलाई दूना या टपरीमा राखेर माथिबाट ज्वाला निस्कने ठाँउ दिएर अर्को दुना, टपरी या बोहोताले छोपेर खोलामा बगाउने चलन छ । यसरी अविरल पानीको धारसँगै बत्ति बगेको खण्डमा पितृले बैतर्नी तरेको र बत्ति सहजरुपमा नबगेको खण्डमा पितृले बैतर्नी तर्न नसकेको बुझ्ने गरिन्छ । शतबीज छर्ने दिन काठमाडौंको पशुपतिनाथ र यसको आसपासका किँरातेश्वर महादेव, गौरीघाट, गुहेश्वरी, आर्यघाटको तट, श्लेषमान्तक वन लगायत पूर्वी नेपालको चतरा, बराहक्षेत्र, पर्वत जिल्लाको सेतीवेणी धाम, गुल्मी शान्तिपुरको चक्रेश्वर मन्दिर, नवलपरासीको देवघाटधाम, धनुषाको क्षिरेश्वर लगायत देशभरीका शिवालय एवं त्रिवेणी धामहरुमा विशेष घुइँचो लाग्ने गर्छ ।

## आज विश्व...

...सफा शौचालयको सहि प्रयोग सभ्य समाजको अभिन्न अंग मानिन्छ । नेपाललाई सन् २०३० सम्म खुला दिसामुक्त घोषणा गर्ने लक्ष्य राखेर कार्यक्रम अघि बढाइएपनि अझै पनि धैरै मानिसहरु शौचालयको पहुँच बाहिर छन् । तीब्र शहरीकरण र बढ्दो जनसंख्याका कारण सार्वजनिक शौचालयको आवश्यकता बढ्दो छ । शहरी तथा राजमार्गका व्यस्त चोकहरूमा भएका सार्वजनिक शौचालय पनि सरसफाइ एवं पूर्वाधारजन्य हिसाबले नाजुक अवस्थामा छन् । सुरक्षित शौचालयको अभावमा हुने फोहोरका कारण झाडापखाला लागेर हरेक वर्ष विश्वमा लाखौंको मृत्यु हुने गरेको छ ।


## अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

अपाङ्गता भएका व्यक्तिलाईः

-शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,

-सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,

-अपाङ्गमैत्री शब्द प्रयोग गरौं,

-अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,

-उनीहरुलाई दया होइन अधिकार दिऔं,

-नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं, समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**


### खेलकुद समाचार

## बोपाराको अर्धशतकमा कर्णालीमाथि चितवनको जित



**काठमाडौं,** मंसिर २/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) चितवन राइनोजले कर्णाली याक्सलाई मंगलबार ४ विकेटले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको छ । कर्णालीले दिएको १६७ रनको लक्ष्य चितवनले पाँच बल बाँकी छदा ६ विकेट गुमाएर पूरा गऱ्यो । चितवनका लागि ओपनर रवी बोपाराले अर्धशतक प्रहार गरे। १९औं ओभरमा आउट हुनुअघि उनले ५२ रन जोडे । उनले ३६ बलमा ३ चौका र ३ छक्का प्रहार गरे । ओपनर दीपक बोहराले ४२ रन बनाए। उनले ३६ बलमा ६ चौका र १ छक्का प्रहार गरे । त्यसअघि डविड मलान ६ रन र देव खनाल २ रनमा आउट भए। दुवैलाई युनिस ठकुरीले आउट गरेका थिए। उनले मलानलाई क्याच गराउँदा खनाललाई रनआउट गरे। कप्तान कुशल मल्लले १५ बलमा २ छक्काको मद्दतमा २० रन बनाए । चितवनको जितमा सइफ जइबले १६ बलमा जोडेको ३८ रन महत्वपूर्ण सावित भयो । १८औं ओभरमा सोमपाल कामीको डलबिडब्लूको धरापमा पर्नुअघि उनले लगातार दुई छक्का प्रहार गरेका थिए । बलिङमा कर्णालीका कप्तान सोमपाल कामीले २ विकेट लिँदा मार्क वाट, युनिस ठकुरी र युवराज खत्रीले १-१ विकेट लिए । कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेको चितवनले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको कर्णालीले ३ विकेटको क्षतिमा १६६ रन बनायो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्सेसँगै कारोबार रकम पनि बढ्यो





**पाल्पा,** मंसिर २/सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अंकले बढेको छ । सोमबारको तुलनामा १५ दशमलव ७० अंकले बढेपछि समग्र नेप्से २ हजार ५ सय ६६ दशमलव ०७ अंकमा पुगेर बन्द भएको हो ।

सेन्सेटिभ इण्डेक्स २ दशमलव ६५ अंकले बढेर ४ सय ४३ दशमलव ५३ विन्दुमा अडिएको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक ९ दशमलव ७८ अंकले बढेर २ हजार ५ सय ५० दशमलव ३६ विन्दुमा पुगेको थियो । सो दिन ३ अर्ब ९४ करोड ६० लाख मूल्य बराबरको कारोबार भएको थियो । अघिल्लो दिनको तुलनामा यो ० दमलव ६१ प्रतिशतले बढी हो । मंगलबार कारोबारमा आएकामध्ये २०७ कम्पनीको सेयर मूल्य बढ्यो, ४४ कम्पनीको मूल्य घट्यो भने ५ कम्पनीको मूल्य स्थिर रह्यो । यसदिन सेयर मूल्य बढ्ने भन्दा घट्ने कम्पनीको संख्या कम भएकाले समग्र नेप्से दोहोरो अंकले बढेको हो । सो दिन कुल ५५ हजार २ सय ७७ पटकको सेयर कारोबारमा ९२ लाख ५५ हजार ४ सय ५७ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ४ अर्ब १० करोड ५४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो । सोमबार सेयर बजारमा ३ अर्ब ९४ करोड ६० लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये सबैको परिसूचक बढेपछि समग्र नेप्से दोहोरो अंकले बढेको हो ।चार कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। सागर डिस्टिलरी,माविलु इनर्जी, बुंगल हाइड्रो र झापा इनर्जीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बन्दिपुर केबलकारको सेयर ९ दशमलव ९८ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा साहस उर्जा शीर्षस्थानमा रह्यो । सो कम्पनीको २२ करोड मूल्य बराबरको सेयर कारोबार भयो। बरुण हाइड्रोपावरले १५ करोडको कारोबार गर्दा माउन्टेन इनर्जी नेपालले १३ करोड,सिनर्जी पावर र नेफ्रा इन्फ्रास्टक्चरको ९/९ करोडको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये २०७ वटा स्टक्सको मूल्य बढ्दा ४४ वटाको घट्यो । बाँकी ५ स्टक्सको मूल्य भने स्थिर रह्यो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।






कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई